Received Date: April 2024 Revised: May 2024 Accepted: June 2024

# सङ्घात्मक शासन प्रणालीमा स्वतन्त्र न्यायपालिकाको भूमिका

**श्यामप्रसाद फूएल**
सह-प्राध्यापक राजनीतिशास्त्र
शिक्षा शास्त्र संकाय, केन्द्रीय विभाग कीर्तिपुर
Email: shyamphuyal0@gmail.com

**डा. तारानाथ घिमिरे**
सह-प्राध्यापक राजनीतिशास्त्र
पाटन संयुक्त क्याम्पस
Email: taraghimire267@gmail.com

**सुजता कार्की**
समाजिक कार्य विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस काठमाडौ ।
Email: ssujakarki@gmail.com
*doi: https://doi.org/10.3126/ppj.v4i01.70276*

## सार

शक्तिको वैधानिक एकाधिकार राज्यमा रहन्छ । राजनीतिक व्यवस्थाले शक्तिको समुचित बाँडफाँड, सन्तुलन, नियन्त्रत र निक्षेपण गर्ने गर्दछ । राज्यको उत्पत्तिको अवस्था र शासन सञ्चालनको प्रारम्भिक अवस्थामा शासन सञ्चालनका निश्चित प्रणालीको अवलम्बन प्रयोगमा थिएन । समयक्रम सँगैसँगै शासन प्रणालीहरु व्यवस्थित बन्दै सतहमा देखा पर्न थाले । विधायिका गठनमा जनादेशलाई आवश्यक ठान्न थालियो । विधायिकाले विवेक सम्मत कानुनहरुको निर्माण र कार्यपालिकाले प्रभावकारी कार्यान्वयनमा ध्यान दिने विषयलाई लोकतन्त्रको मर्मसँग जोड्न थालियो । न्यायपालिकाले बनेको कानुन र कार्यान्वयनको अवस्थालाई जाँच गर्दै संविधान र कानुनको प्रभावकारी व्याख्या मार्फत् परिभाषित जिम्मेवारीलाई पुरा गराउनमा निर्णायक भूमिका अदाह गर्ने गर्दछ । राज्य सञ्चालनका विभिन्न पद्धतिहरुमध्ये संघात्मक शासन प्रणाली एक नविन मान्यता एवम् अवधारणा हो । शासन प्रणालीको यो एक महत्वपूर्ण लोकतान्त्रिक अभ्यास हो, जहाँ शक्ति बाँडफाँडको अवस्थालाई संविधानले नै सुनिश्चित गरेको हुन्छ । सरकारका दुई वा सोभन्दा बढी तहहरु हुन्छन् । जुनसुकै राजनीतिक प्रणालीमा पनि स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिन्छ । एकात्मकतामा भन्दा संघात्मक शासन प्रणालीमा न्यायपालिका बढी सबल र स्वतन्त्र रुपमा खडा हुनु पर्दछ किनकि सरकारका विभिन्न तहहरु बीच भौगोलिक सिमा, अधिकार लगायत विषयको अन्तिम निर्णय न्यायपालिकाले गर्नुपर्ने हुन्छ । यस लेख मार्फत संघीय शासन प्रणालीलाई सुविचारित ढङ्गले सञ्चालन गर्नका लागि न्यायपालिकाको रखबारीको भूमिकालाई विश्लेषण गर्न खोजिएको छ । स्वतन्त्र न्यायपालिकाका आधारहरुको खोजी प्रयास यस लेखमा गरिएको छ । सूचना तथा तथ्याङ्कहरु द्वितीयक स्रोतमा आधारित छ । संघीय शासन प्रणालीमा न्यायाधिश नियुक्तिको अवस्था र अधिकारले प्रणाली रक्षाका लागि खेल्न सक्ने भूमिकाको आधार सीमामा लेख आधारित छ ।

**मुख्य शब्दावली** : सङ्घीय शासन प्रणाली, स्वतन्त्र न्यायपालिका, शक्ति विकेन्द्रिकरण, अधिकार, निक्षेपण राजनीतिक प्रणाली ।

## पृष्ठभूमि

राजनीति सर्वव्यापक विषय हो, जसले शक्ति, शासन वा सत्तासँग सम्बन्धित समग्र गतिविधिको अध्ययन गर्ने गर्दछ । शुरुको शासन सञ्चालन प्रक्रिया सरल र परम्परागत मान्यताबाट अघि बढेको थियो । समयक्रम सँगसँगै शासनका विभिन्न रुप माथि अध्ययन, अभ्यास र विश्लेषण हुँदै आएको पाइन्छ । विश्वको अनुभव हेर्दा शासनका स्वरुपका सम्बन्धमा सम्बन्धित मुलुकको अनुभव, अभ्यास, सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक लगायतको पृष्ठभूमिको केन्द्रीय भूमिका रहने गर्दछ । सम्बन्धित मुलुकका नागरिकहरुमा रहेको चेतनास्तर, परिवेश, वातावरण र अन्तर्राष्ट्रिय वातावरणले समेत प्रत्यक्ष परोक्ष रुपमा प्रभाव पार्ने गर्दछ । विभिन्न मुलुकका आ-आफ्ना शासनका स्वरुपहरु देखा पर्दछन् । एकात्मक, संघात्मक र अर्धसंघात्मक स्वरुपका ढाँचाहरु अभ्यासमा देख्न पाइन्छ (दाहाल, २०६६) । आधुनिक विश्वमा शासनका स्वरुप र ढाँचा एकै किसिको पाइन्न । संघीय ढाँचा निर्माणका उद्देश्य समेत अलग अलग पाइन्छ । सन्धि वा सम्झौताबाट दुई वा सो भन्दा बढी तहले राज्य सञ्चालनको अवस्था विद्यमान रहनु संघीयता हो । जुन देशमा गहिरो जातीयता, सांस्कृतिक, भाषिक, धार्मिक लगायतका विविधता पाइन्छ, जहाँ ठूलो भूभागले बढी शोभा दिन्छ । त्यहाँ संघीय शासन प्रणाली निर्माणका आधारहरु खडा हुने गर्दछन् (फूएल, २०७५क) । संघीयताका लागि ठूलो भूभागलाई पहिलो र अनिवार्य शर्तको रुपमा भने लिइन्न । नेपाल भन्दा धेरे साना मुलुकहरुमा पनि संघीय शासन प्रणाली प्रयोगमा देख्न पाइन्छ । संसदीय प्रणाली, राष्ट्रपतिय प्रणाली, गणतन्त्र र राजा रहेको मुलुकमा समेत संघीयताको अभ्यास पाइन्छ । यसरी संघीय शासन एकात्मक शासन विपरित आधुनिक अवधारणा हो । मुलुकलाई एक शासन केन्द्रबाट शासन नगरी विभिन्न केन्द्रबाट शासन गर्ने अवस्था विद्यमान रहन्छ । अधिकारको स्रोत केन्द्र नभएर संविधानले नै व्यवस्थापकीय, कार्यपालिकीय र न्यायापलिकीय अधिकारको सपाठ व्यवस्था गरेको हुन्छ (फूएल, २०७५ ख) । संघीयताको निर्माण र अभ्यासमा मुलुकको आ-आफ्नो अनुभव, अभ्यास र विशेषता देखा पर्दछ । यसर्थ संघीयताको विश्वव्यापी रुपमा समान सिद्धान्त मान्यता र स्वरुप देख्न पाइन्न । तथापि यो रातारात निर्माण भएको मान्यता भने होइन । प्रयोग र अभ्याससँगसँगै यो विकसित र परिपक्वताका साथ अघि बढ्ने क्रममा रहन्छ । नेपाल पनि विगतको एकात्मक राज्यव्यवस्थाबाट अलग रहेर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको अभ्यासमा छ । संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको उल्लेख छ । संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको उल्लेख छ ।

सरकारको व्यवस्थापिका, कार्यपालिका हाराहारी कै अङ्ग हो न्यायपालिका । व्यवस्थापिकाले राज्यको इच्छालाई प्रतिनिधित्व गर्दै कानुनको रुप प्रदान गर्दछ र कार्यपालिकाले कानुनलाई कार्यान्वयनमा लग्दै समाजमा अमनचैन र शान्ति प्रियताको अवस्था निर्माणमा मद्दत पुऱ्याउँदछ । न्यायपालिकाले आवश्यकता अनुसार संविधान कानुनको व्याख्या गर्दै कानुनको उल्लंघन गर्नेलाई कानुनी दायरामा ल्याउने काम गर्दछ (पोखरेल, २०५४) । यसले आम नागरिकहरुको हित र सुरक्षाका लागि मात्र होइन सरकारको उन्मादतालाई रोक्ने काममा मद्दत पुऱ्याउँदछ । आधुनिक युगमा राजनीतिक व्यवस्थाको प्राणको रुपमा न्यायपालिकालाई लिइन्छ । व्यक्तिको स्वतन्त्रताको रक्षाकवचको रुपमा न्यायपालिकालाई मानिन्छ । जुनसुकै राजनीतिक प्रणलीमा न्यायपालिकालाई जवाफदेही र स्वतन्त्र निकायको रुपमा प्रस्तुत गर्ने प्रयास भएको देखिन्छ । यसलाई राज्यको अति संवेदनशील, सम्मानित र विश्वसनीय संस्थाको रुपमा लिइन्छ । स्वतन्त्र र सक्षम न्यायपालिकाको अभावमा लोकतन्त्रको संरक्षण र सम्वर्द्धन प्रायः असम्भव हुन्छ । लोकतन्त्रको स्थायित्व र यसप्रति जनताको विश्वास आर्जन गर्नका लागि सक्षम न्यायपालिकालाई पहिलो महत्वपूर्ण शर्तको रुपमा लिइन्छ (तिमल्सेना, २०६५) । न्यायपालिकाले सम्बन्धित मुलुकमा व्यवस्था भएका अदालतहरुको संरचनादेखि लिएर न्यायधिशहरुको नियुक्तिको अवस्था, सेवा सुविधा, अवधि, कार्यक्षेत्र लगायतलाई समेट्ने गर्दछ । संघीय शासन प्रणाली अवलम्बन गरिएका मुलुकहरुमा

न्यायपालिकाको एकै खालको स्वरुप पाइन्न । तथापि संघीय संरचना भौगोलिक सीमा र अधिकार लगायतका विषयको अन्तिम टुङ्गो लगाउने अधिकार न्यायायललाई प्रदान गरिएको हुन्छ । संघ, राज्य र स्थानीय तह बीच कायम गरिएको शक्ति सन्तुलनको प्रभावकारिता र सहज कार्यान्वयनमा न्यायपालिकाको भूमिका महत्वपूर्ण रहने गर्दछ ।

## उद्देश्य

संघीय शासन प्रणालीमा न्यायपालिकाको स्वतन्त्रता र भूमिकाको अध्ययन, विश्लेषण र तुलना गर्नु यस लेखको प्रमुख उद्देश्य हो । संघीय प्रणाली दुई वा सो भन्दा बढी तह रहने र सम्बन्धित तहमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका सम्बन्धित अधिकार निहित रहने मात्र होइन जति तह छन्, ति सबैका अधिकारको बन्दोबस्त संविधान मार्फत नै हुने हुनाले अधिकार लगायत विषयको विवादको छिनोफानो अदालत मार्फत हुने हुनाले संघीय शासन प्रणालीमा स्वतन्त्र न्यायालयको अवस्था र भूमिकाको तुलनात्मक अध्ययन गर्नुसँग यो लेख सम्बन्धित छ ।

## अध्ययन विधि र सीमा

लेखलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ । मूलतः सूचना र तथ्याङ्कहरु द्वितीय स्रोतमा आधारित छन् । संघात्मक शासन प्रणाली र यसको स्थायित्व एवम् प्रभावकारी कार्यान्वयनका लागि न्यायलयको भूमिकासँग सम्बद्ध ग्रन्थ, लेख, रचना आदिलाई आधार मान्दै लेखलाई वर्णनात्मक, विश्लेषणात्मकताको अतिरिक्त गुणात्मक प्रकृतिको रुपमा प्रस्तुत गरिएको छ । लेखकद्वयको व्याख्या, विश्लेषण, अनुभव, भोगाई एवम् दैनिक रुपमा विकसित घटनाक्रमबाट समेत लेख प्रभावित बन्न गएको छ । संघात्मकता अवलम्बन गरिएका प्रमुख मुलुकहरुमा न्यायपालिकाको स्वतन्त्रता र भूमिकाको तुलनात्मक विश्लेषणमा लेखलाई केन्द्रिकृत गर्ने प्रयास गरिएको छ ।

## प्रस्तुतीकरण र विश्लेषण

### संघीयता सम्बन्धित अवधारणा

राज्य उत्पत्तिको शुरुको अवस्थामा एकात्मक शासन प्रणाली प्रचलनमा थियो । समयक्रममा संघीयता र मिश्रित शासन प्रणालीहरु अभ्यासमा आए । उत्पत्तिका सम्बन्धमा संघीयताको अवधारणा राजनीतिको सिद्धान्त नभई ईश्वर र मानवबीचको सम्बन्धसँग सम्बन्धित भएर व्याख्या गरिए तापनि आजकाल यो राजनीतिको विषयको रुपमा मुखारित भएको पाइन्छ (घिमिरे, २०७९) । आधुनिक राज्य प्रणालीमा अलग अलग ढाँचा र स्वरुपहरु अभ्यासमा छन् । संघीय शासन प्रणाली एउटा नविनतम ढाँचा अन्तर्गत पर्दछ । यस प्रणालीमा राज्यको शासकीय शक्तिलाई वैधानिकताको आधारमा बाँडफाँड गर्ने गरिन्छ । संघीयताले राज्यको सार्वभौमसत्ता अविभाज्य संवेदनशीलता माथि चुनौति थपि दिएको छ (घिमिरे, २०७९) । कतिपय संघीय राज्यहरुमा केन्द्रीय सरकारले मात्र सार्वभौमसत्ताको उपयोग गर्न सक्दैन । कुनै पनि संघीयताको स्वरुपमा परिणत हुनका लागि अनेकन तर्क र मान्यता अघि सार्ने गरिन्छ । राज्यलाई संघीय स्वरुपमा बदल्नका लागि हिंसाको न्यूनीकरण गर्दै समस्याको शान्तिपूर्ण समाधान खोज्दै सबैको अपनत्वलाई स्वीकार गर्ने सिलसिलामा राजनीतिज्ञहरुले दुई तहको सरकारलाई संवैधानिक रुपमा स्वीकार गरेर अनेकन दृष्टान्त भेटिन्छन् (एन्डर्सन, २०६४) । यहाँ शासन केन्द्रिकृत नभई विकेन्द्रित अवस्थामा रहन्छ । अधिकार विभाजनलाई संविधानले चिन्दछ र आ-आफ्ना क्षेत्रमा त्यसको उपयोग स्वतन्त्र ढङ्गले गर्ने गरिन्छ । सामान्यतया संघीय शासन व्यवस्थामा केन्द्रले सम्पूर्ण मुलुकलाई र प्रदेशले प्रदेश कै हित भलाईका लागि स्वनिर्माण गर्ने गर्दछन् । सामन्य प्रचलनमा केन्द्रले प्रतिरक्षा, भन्सा र विदेश सम्बन्ध, आप्रवासन, मुद्रा, उड्ययन, ट्राफिक नियन्त्रण, यातायात, नागरिकता, सञ्चार वैदेशिक व्यापार

लगायतमा निर्णय लिने गर्दछ (आचार्य र यात्रु, २०६७) । नेपालको संविधानमा व्यवस्था भए अनुसार तीन तहको अधिकार सूचीलाई संविधानको अनुसूचीमा व्यवस्था गरिएको छ भने रक्षा, परराष्ट्र र मुद्रा सम्बन्धी अधिकारको प्रयोग संघीय सरकारमा रहेको पाइन्छ । संविधानको धारा ५८ मा अवशिष्ट अधिकार शीर्षक अन्तर्गत संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार अन्तर्गत रहने उल्लेख गरिएको छ ।

संघीयतालाई आवश्यकताको उपजको रुपमा समेत चित्रण गर्ने गरिएको छ । मुलतः राज्यको बनोट जातीय, भाषिक, क्षेत्रीय लगायत विविधताहरुले जेलिएको हुन्छ त्यस्तो अवस्थामा संघीयतालाई सम्झने गरिन्छ । विविधताको न्यायोचित सम्बोधनका लागि संघीय प्रणालीको अवलम्बन गर्ने गरिन्छ । जब राज्यको आधार बहुसंस्कृतिवाद वा विशेषता जस्ता उच्च मूल्यको विविधताको अवस्थाबाट गुज्रिएको हुन्छ यस्तो अवस्थामा संघीयतालाई आत्मसात गर्न पुगेको पाइन्छ (बराल, २०६४) । संघीय शासन प्रणालीमा जनतालाई स्वतन्त्रता र स्वायत्तताको अधिकार हुने कुराको सुनिश्चितता प्रदान गरिए पनि राज्य नै टुक्र्याउने तहसम्मको अधिकारको व्यवस्था भने रहँदैन । यस्ता अधिकारलाई अन्तर्राष्ट्रिय कानुनले औपनिवेशिकताबाट अलग हुने सन्दर्भमा मात्र यस्ता अधिकारलाई स्वीकारेको पाइन्छ (दाहाल, २०६५) । यसरी संघीयता अधिकारको संवैधानिक निक्षेपणसँग सम्बन्धित मान्यता हो । नजिकको सरकारबाट शासित हुने परिकल्पनाको जगमा संघीयताको मान्यता सतहमा आएको देखिन्छ ।

शक्तिको पृथकीकरणको सिद्धान्त अनुसार व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबाट शासन सम्पादन गरिए त्यस्तो कार्य शक्तिपृथकीकरण भए झै मुलुकलाई एक शासन केन्द्रबाट शासन सञ्चालन नगरी विभिन्न केन्द्रबाट शासन सञ्चालनमा ल्याउने अवस्था संघीयता हो । यहाँ सबै तहमा तीनै अङ्गले शक्तिको प्रयोग गर्ने गर्दछन् । संघात्मक शासन व्यवस्थाका लागि मूलत लिखित संविधान, संविधानद्वारा नै शक्ति विभाजनको अवस्था, स्वतन्त्र, सक्षम एवं प्रभावकारी न्यायपालिका, दोहोरो शासन व्यवस्था आवश्यक पर्दछ ( शिवाकोटी, २०७०) ।

## न्यायपालिका सम्बन्धी अवधारणा र यसको स्वतन्त्रता

संविधानलाई देशको मूल कानुन मानिन्छ । यसले मुलुकको शासन सञ्चालन प्रक्रिया सुनिश्चित गर्दछ । यसलाई सर्वोच्च शासकीय दस्तावेज मानिन्छ । सरकार गठन, यसका अङ्गबीच शक्तिको विभाजन र तिनीहरु बीचको सुसम्बन्धका बारेमा व्यवस्था गर्दछ । सरकारको स्वरुप र लक्ष्य स्पष्ट गर्दै सरकार र जनताबीचको सम्बन्धि निर्धारण गर्दछ (श्रेष्ठ, २०७२) ।

सरकारका तीन अङ्गहरु मध्ये सामान्यतया न्यायपालिकालाई विकल्परहित अङ्गको रुपमा लिइन्छ । न्यायालयको अनुपस्थितिमा व्यक्तिको स्वतन्त्रताको रक्षालाई असम्भव मानिन्छ । नागरिकहरुको सुरक्षा भावनालाई समृद्ध बनाउनका लागि न्याय व्यवस्थाको सुचारुता र तत्परता माथि नै निर्भर रहने गर्दछ । संविधान कानुनको व्याख्या, न्यायको व्यवस्था गर्न, दुष्टलाई दण्ड दिन निर्दोष व्यक्तिको रक्षा र क्षतिपूर्ति उपलब्ध गर्न न्याय विभागको आवश्यकता पर्दछ (काफ्ले, २०५५) । न्यायपालिकालाई राज्यको अति संवेदनशील अङ्ग मानिन्छ । जसलाई सम्मानित र विश्वसनीय संस्थाको रुपमा लिइन्छ । यो स्वतन्त्र, सक्षम र जवाफदेही अङ्गको रुपमा मान्ने गरिन्छ । न्यायपालिकालाई सम्बन्धित मुलुकको न्याय व्यवस्थाको संरचना, गठन, न्यायधिशका सेवाका शर्तहरु, मुद्दाहरुको सिलसिलामा मुद्दाको सुनुवाईको कार्यविधि समेतलाई मान्नु पर्दछ । संवैधानिक अधिकारको प्रचलन गराउने र व्यवस्थापिकाले बनाएको कानुन संविधानसँग बाझिएमा अमान्य गर्ने कार्य पनि न्यायपालिकाको जिम्मेवारी अन्तर्गत पर्दछ । यसको स्वतन्त्रताको कुरा गर्दा सक्षमता सम्बन्धी सबै विषयहरु समावेश हुने गर्दछ ।

न्यायपालिकाको स्वतन्त्रतालाई लोकतन्त्रको आकर्षक र सुन्दर पक्षको रुपमा लिइन्छ । लोकतन्त्रको परिभाषा र महिमाको मूल्याङ्कनको कशीको रुपमा स्वतन्त्र न्यायपालिकाको अवस्थालाई हेर्ने प्रचलन विश्वव्यापी बन्न गएको छ । न्यायाधिशको नियुक्तिको प्रक्रिया, योग्यता, तालिम, निरन्तरता, नागरिकको मौलिक हक अधिकार संरक्षणको अधिकार, कानुनको संवैधानिक परीक्षण सम्बन्धी क्षेत्राधिकार आफ्नो कार्यकार्यवाहीमा रहेको स्वतन्त्रता र स्वायत्तता, न्यायिक पुनरावलोकन, सेवा सुविधा अवधि, निर्णय कार्यान्वयन लगायतको आधारमा न्यायपालिकाको स्वतन्त्रताका आधारहरुलाई यकिन गर्न सकिन्छ । न्यायिक पारदर्शिता, खुल्ला इजलास, समाजमा न्यायधिशको मानसम्मानको अवस्थाले समेत यसको गरिमालाई बढाउनमा मद्दत गर्दछन् । यस्तो स्वतन्त्र न्यायपालिकाले मात्र राजादेखि सामान्य नागरिकसम्मलाई समान व्यवहार प्रदर्शन गर्न सक्दछ । व्यक्तिमाथि राज्यबाट हुन सक्ने थिचोमिचो र अन्यायका विरुद्ध सरल, छिटो र सुलभ ढङ्गले न्याय प्राप्त हुन सक्दछ र राज्यको हस्तक्षेपबाट व्यक्तिको स्वतन्त्रतालाई बचाउन सक्दछ (पोखरेल, २०५४) । स्वतन्त्र न्यायपालिकाको निर्माण गर्ने क्रममा न्यायाधिशहरुले भ्रष्टाचार नगर्नु, समयमा नै न्याय प्राप्त हुनु, व्यवस्थापिका र कार्यपालिकाले नियन्त्रण नगर्नु र शक्ति पृथकीकरणको सिद्धान्तलाई व्यवहारद्वारा सिद्ध हुनु पर्दछ (शिवाकोटी, २०७०) । न्यायपालिकाको स्वतन्त्रतालाई न्यायधिशको कार्यक्षमताको आधारमा समेत हेर्ने गरिन्छ । ऊ दवाब र प्रलोभनबाट अलग्ग रहन सक्नु पर्दछ । न्यायिक स्वतन्त्रताले कानुनी शासन र न्यायिक सर्वोच्चता कायम राख्नमा मद्दत पुऱ्याउँदछ ।

**न्यायिक संघीयताका ज्वलन्त मुद्दाहरु**

संघीयतको प्रमुख वा आधारभूत पक्षको रुपमा सामान्यत कठोर र लिखित संविधानलाई मानिन्छ । यसको अलवा न्यायपालिकाले शसक्त र प्रभावकारी रुपमा आफूलाई प्रस्तुत गर्न सक्नु पर्दछ । संघ र अन्य एकाइका बीच स्पष्ट ढङ्गले क्षेत्राधिकारको निर्धारण आवश्यक पर्दछ । स्वशासन र सामूहिक शासनलाई कसरी व्यवहारमा उतारिएको छ त्यसको आधारमा संघीयताको समीक्षा गर्ने गरिन्छ (शिवाकोटी, २०७२) । संघीयताले सक्षमताको र क्षमताको प्रश्नलाई शसक्त र प्रभावकारी ढङ्गले उठाउनु पर्दछ । संघीयताको स्वरुपमा न्यायपालिकाले आफूलाई समाहित गर्न सक्नु पर्दछ । संघीय र प्रान्तिय अदालतमा नियन्त्रण र सन्तुलन मिलाएर अघि बढ्ने सवाल टड्कारो रुपमा देखा पर्दछ, केन्द्रले सबै नियन्त्रण गरेमा संघीयताको मूलमर्म स्वायत्तता माथि ठाडो हस्तक्षेप हुन जान्छ भने पुरा स्वायत्तता दिने हो भने एउटा न्यायपालिकाको स्थानमा बहुरुपी न्यायपालिकाको अवस्था देखा पर्न सक्दछ । पाकिस्तानका उच्च अदालतहरु सर्वोच्च अदालतको मातहतमा छैनन भने तल्ला अदालतहरु उच्च अदालतका नियन्त्रणमा छन् । भारतमा सर्वोच्च अदालत तुलनात्मक हिसाबले शक्तिशाली छ (तिम्लसिना, २०६५) । नेपालको संविधानको धारा १२६ मा न्याय सम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने उल्लेख छ । धारा १२७ मा अदालती संरचनालाई सर्वोच्च अदालतले उच्च अदालत र जिल्ला अदालत गरी तीन तहमा विभक्त गरिएको छ । धारा १२८ नेपालमा एक सर्वोच्च अदालत रहने र यसलाई अभिलेख अदालतको रुपमा उल्लेख गर्दै यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै अदालत र न्यायिक निकायहरु सर्वोच्च अदालत मातहत रहने उल्लेख छ । संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई प्रदान गरिएको छ ।

न्यायपालिकाको स्वायत्ततालाई स्वयं आफैभित्रको अधिकार वा स्वायत्तता र बाहिरी अङ्ग वा निकायबाट हुने अतिक्रमणलाई रोक्ने वा निष्क्रिय बनाउने अवस्थालाई हामीले बुझ्नु पर्ने हुन्छ । न्यायिक मनका साथ निर्णय दिन न्यायलयहरु स्वतन्त्र हुन्छन् । एकपटक गरेको फैसला पुनरावेदन वा पुनरावलोकन पछि नउल्टिएसम्म अदालतको निर्णयलाई अन्तिम मानिन्छ । अदालतको निर्णयलाई सबैले निशःकोच स्वीकार गर्नु पर्दछ । सामान्यतया एकात्मक शासन व्यवस्थामा सर्वोच्च अदालतलाई मातहतका न्यायिक तथा अर्धन्यायिक निकायहरुको कामको सुपरिवेक्षण गर्ने गर्दछ (तिमल्सिना, २०६४) । यस्तो सुपरिवेक्षणको अवस्था संघीय प्रणालीमा कस्तो रहने भन्ने कुराको एकीन हुनुपर्दछ संघीयताको मर्म र भावनालाई यस्तो अवस्थाले बोक्न

सक्दछ कि सक्दैन भन्ने नजरले मिहिन ढङ्गले विचार गरेर अघि बढ्नु पर्दछ । संघवादको मान्यता भनेको नै विभिन्न एकाइहरुको निर्माण र एकाइहरुलाई अर्कोको छत्रछाँयाबाट अलग्ग राख्ने भन्ने नै हो । संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन र सफलताका लागि संघहरुबीच एक आपसमा सहयोग, सद्भाव र समन्वयात्मक पक्षलाई सहज ढङ्गले कार्यान्वयनमा ल्याउन मद्दत पु¥याउनु पर्दछ । न्यायपालिकाका विभिन्न तहहरु बीच पनि समन्वयात्मकताको जरुरी पर्दछ । समन्वयात्मक पक्षलाई सहज बनाउने विभिन्न उपायहरुको निरन्तर खोजी गरिरहनु पर्दछ ।

संघीय राज्य व्यवस्थाको निर्माण गर्दा संविधान मार्फत विधायिकी शक्ति, कार्यपालिकाको शक्ति र न्यायपालिकाको अधिकारलाई सुस्पष्ट व्यवस्था गरेको हुन्छ साथै यस्तो अधिकारको प्रयोगले राज्यको सम्बन्धलाई दरिलो बनाउन मद्दत पु¥याउनु पर्दछ । प्रायसः शक्तिको प्रयोग, प्रशासनको सञ्चालकको अवस्था, न्याय प्रबन्ध, प्राकृतिक स्रोत साधनको बाँडफाँड, सबै तहको अधिकारका सीमा, सम्बन्ध र अन्तरनिर्भरता, कर उठाउने, राजश्वको प्रयोगको अवस्था लगायत विविध पक्षलाई संविधानले वैज्ञानिक, वस्तुगत एवम् व्यवहारिक ढङ्गले सम्बोधन गर्नु पर्दछ (भट्ट, २०६५) । यसरी संघीय शासन व्यवस्थामा सरकारका संरचनाहरुमा विविध विषय र क्षेत्रसँग सम्बन्धित विषयमा अधिकारको संवैधानिक बाँडफाँडको अवस्था रहने हुनाले यिनीहरुको उपयोग गर्दा देखिने विवादको अन्तिम टुङ्गो न्यायपालिकाले लगाउने हुनाले संघीय शासन प्रणालीमा अन्य शासन प्रणालीको तुलनामा सक्षम र प्रभावकारी न्यायपालिकाको अझ प्रभावकारी रुपमा देखा पर्दछ । सिमाना र प्राकृतिक स्रोत साधनको उपयोग सम्बन्धी विवादहरुको अन्तिम छिनोफानो पनि न्यायलयले नै गर्ने गर्दछ । नेपालको संघीय संरचना तीन तहको छ । एक केन्द्रीय सरकार, सात प्रदेश सरकार र ७५३ वट्टा स्थानीय सरकारहरु छन् । संविधानको अनुसूची ५ मा संघीय सरकारले प्रयोग गर्ने अधिकारको सूची अनुसूची ६ मा प्रदेश सरकारका अधिकारहरु अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची, अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीको बारेमा व्यापक र स्पष्ट व्यवस्था गरेको छ । सातै प्रदेश र स्थानीय तह बीचको सिमाना र प्राकृतिक स्रोतको बाँडफाँड र उपयोगको विषय लगायतको प्रश्नको निरुपण न्यायलयबाट नै हुने र न्यायलयको निर्णयलाई सबैले मान्नु पर्ने बाध्यतात्मक संवैधानिक व्यवस्था भएको हुनाले संघीय प्रणालीमा न्यायलयको गरिमालाई उच्च र सम्मानको साथ हेरिन्छ ।

**निष्कर्ष**

आधुनिक विश्वमा राज्यको स्वरुप र ढाँचामा विविधता पाइन्छ । राज्यको स्वरुप निर्धारणमा सम्बन्धित मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक विविधता, नागरिकहरुको चेतनाको स्तर, विगतको प्रणालीले पु¥याएको सुखद वा पीडादायी अवस्था लगायतले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछन् । संघीय ढाँचा निर्माणका उद्देश्य पनि फरक फरक पाइन्छ । तथापि संघीयतामा एक राजनीतिक एकाइबाट विभिन्न स्वायत्त राजनीतिक वा प्रशासकीय एकाइहरु भने निर्माण हुने गर्दछन् । यो साझेदारी शासनको अवस्था हो । यस पद्धतिमा केन्द्र र अन्य तह बीच राज्यशक्तिको विभाजन र अधिकारको संवैधानिक बाँडफाँडको लक्ष्मण रेखा भित्र रही सबै तहले आ-आफ्ना अधिकारहरु स्वतन्त्र एवम् निर्विवाद ढङ्गले उपयोग गर्ने गर्दछन् । यसरी संविधानले न्यूनतम रुपमा संघीय प्रणाली अन्तर्गत जिम्मेवारी र उत्तरदायित्वको सुनिश्चितता गर्दछ । प्राकृतिक स्रोत साधन, सीमा, अधिकार लगायत विषयमा विवाद उत्पन्न भएमा त्यसको अन्तिम टुङ्गो लगाउने अधिकार न्यायलयको हुने गर्दछ । यसर्थ अन्य शासन प्रणालीमा समेत स्वतन्त्र न्यायप्रणलीको परिकल्पना गरिएको हुन्छ नै अझ संघीय प्रणालीमा न्यायलयलाई स्वतन्त्र, निष्पक्ष, सबल एवम् प्रभावकारी अङ्गको रुपमा व्यवस्था गरिएको हुन्छ । मुद्दाको सिलसिलामा अदालतले गरेको फैसलालाई अन्तिम र बाध्यकारी रुपमा लिने समेत गरिन्छ ।

संघीय शासन प्रणाली अन्तर्गत न्यायलयको स्वतन्त्रता र सबलताको प्रश्न नितान्त एउटा साधन मात्र हो । संघीय प्रणाली अन्तर्गत न्यायपालिकाको संरचनामा परिवर्तन र अधिकारको सुनिश्चितता प्रदान गर्नुको

साध्य भनेको आम नागरिकहरुले यथासमयमा सुलभ ढङ्गले न्याय प्राप्त गर्नुलाई नै मानिन्छ । दोस्रो विभिन्न तहहरु बीचका अधिकारका विषयलाई लिएर उठेका विवादको टुङ्गोलाई नै मान्नु पर्ने हुन्छ । न्यायपालिकाले स्वतन्त्रताका स्थापित मूल्यमान्यता र अभ्यासहरुलाई अवलम्ब्न गर्दै अघि बढ्नु पर्दछ । समयमा नै न्याय प्राप्ति नहुने र विभिन्न तहका विविध विवादहरु चाँडो टुङ्गो नलाग्ने हो भने न्यायपालिका प्रतिको विश्वास र शाख टुट्न सक्दछ । यसका लागि कानुन व्यवसायी र न्यायाधिशहरुको सोच एवं चिन्तन, कार्य गर्ने शैली ढङ्ग तरिका, सेवाग्राहीहरुको दृष्टिकोण न्यायलयको जवाफदेहितालाई सामयिक र वस्तुवादी ढङ्गले अवलम्बन गर्दै अघि बढ्नुमा नै सबै भलाईको जोडिएको पाइन्छ । न्यायलय प्रतिको शाख र सम्मान अभिवृद्धिका लागि समयमा नै न्याय प्राप्तिको विषयलाई पहिलो शर्तको रुपमा लिइन्छ । न्यायपालिकाको स्वरुप तथा संरचनालाई संघीय प्रणाली अनुरुप नै ढाल्नु पर्दछ । सेवाग्राहीका चित्त दुखाईलाई शूक्ष्म ढङ्गले पहिचान गर्दै निरन्तर सुधारको माध्यमबाट जनविश्वास आर्जन गर्दै न्यायप्रतिको भरोसालाई अभिवृद्धि गर्दै अघि बढ्नु पर्दछ ।

## सन्दर्भ सामग्री


आचार्य, सुरेश र कुमार यात्रु (२०६७), *अपेक्षा र यथार्थको कसीमा नेपालको संघीयता,* ललितपुर : निशान मिडिया ।

एन्डर्सन, जर्ज (२०६४), *संघीयता एक परिचय (नेपाली अनुवाद),* काठमाडौं : यु.एन.डि.पि. ।

काफ्ले, मायाप्रसाद (२०५५), *राजनीतिशास्त्र,* काठमाडौं : भुवन प्रकाशन ।

घिमिरे, तारानाथ (२०७९), *नेपालमा संघात्मक व्यवस्था अवधारणा र औचित्य,* काठमाडौं : पिनाकल पब्लिकेशन ।

दाहाल, काशीराज (२०६६), *आधुनिक राज्य निर्माण र संविधानको अन्तर-विषयवस्तु,* काठमाडौं : फ्रेडरिक ईबर्ट स्टिफटुङ्ग (एफईएस्) ।

दाहाल, देवराज (२०६५), *आधुनिक राज्यनिर्माण र संविधानको अन्तर-विषयवस्तु,* काठमाडौं : फ्रेडरिक ईबर्ट स्टिफ्टुङ्ग ।

तिमल्सेना, रामकृष्ण (२०६५), *संघात्मक शासन प्रणालीमा न्यायपालिका,* काठमाडौं : अग्र सारथी ।

नेपालको संविधान (२०७२), काठमाडौं : नेपाल कानुन आयोग (Retreieved from www.lawcommission.gov.np.) ।

पोखरेल, कृष्ण (२०५४), *राजनीतिशास्त्रको सिद्धान्त,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स ।

फूएल, श्यामप्रसाद (२०७५क), *समकालीन राजनीति र नागरिक शिक्षा,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

फूएल, श्यामप्रसाद (२०७५ख), *नेपालको राजनीति,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

बराल, लोकराज (२०६४), *संघीय प्रणालीको आवश्यकता,* ललितपुर : समसामयिक अध्ययन केन्द्र ।

भट्ट, चन्द्रदेव (२०६५), *आधुनिक राज्यनिर्माण र संविधानको अन्तर-विषयवस्तु,* काठमाडौं : फ्रेडरिक ईबर्ट स्टिफ्टुङ्ग ।

शिवाकोटी, गोपाल (२०६७), *राजनैतिक शब्दकोश नेपाली अंग्रेजी नेपाली,* काठमाडौं : पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७०), *पहिचान र दर्शनको संकटमा नेपाली राजनीतिक व्यवस्था,* काठमाडौं : पैरवी प्रकाशन ।

शिवाकोटी, गोपाल (२०७२), *तुलनात्मक शासन र राजनीति,* काठमाडौं : पैरवी प्रकाशन ।

श्रेष्ठ, अमन (२०७२), *संवैधानिक विकासक्रम तथा नेपालको संविधान,* काठमाडौं : राष्ट्रिय सूचना मञ्च ।